मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

२६ Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २६ ◆ अङ्क : ६५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ माघ ९ गते शुक्रवार (Friday, January 22. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-

## मन्टेश्वरी तालिममा भर्ना खुल्यो

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७७ माघ ११ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा

फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

# झापाका १५ वटै स्थानीय तह समृद्ध बन्दै



**बिर्तामोड, माघ ८।** तीन वर्ष अघिसम्म साँझ नपर्दै सुनसान हुने झापाका अधिकांश ग्रामीण क्षेत्रका बजारमा अहिले राति अबेरसम्म निक्कै भीडभाड हुन थालेको छ । कारण हो- जब साँझ छिपिँदै जान्छ, तब बजार र सडकका सौर्यबत्ती झलमल्ल बल्न थाल्छन् । गल्ली, चौक र सडकमा जडित सौर्यबत्तीले झलमल्ल उज्यालो हुँदा साँझपख घुमफिर गर्ने र किनमेल गर्ने मानिसका कारण बजारमा राति अबेरसम्म नै भीडभाड हुने गरेको हो ।

दिउँसो अफिसको कामले नभ्याएका कर्मचारीहरु साँझपख किनमेल गर्न निस्कन थालेपछि साँझ नपर्दै सुनसान हुने झापाका ग्रामीण क्षेत्रका बजार समेत राति अबेरसम्म खुल्न थालेका छन् । अझ 'मर्निङ वाक' मा निस्कनेहरुका लागि त सौर्यबत्ती बरदान नै सावित भएको छ । अँध्यारै सडकपेटीमा मर्निङ वाक हिँड्दा सवारीले ठक्कर देला र मरिएला भन्ने पिरोलो समेत हराएको बिर्तामोड-२ चारपानेका मदनगोपाल सुब्बा बताउँछन् । मर्निङ वाकमा निस्कने मेरो बानी छ- उनले भने- म दशौं वर्षदेखि मर्निङ वाकमा निस्कँदै आएको छु, हिजो अँध्यारोमा नै हिँडिन्थ्यो, आज चोकचोक र गल्ली गल्ली सौर्यबत्तीका कारण झलमल्ल हुन्छन्, हिँड्नलाई कुनै डर छैन ।

उनका अनुसार साँझ नपर्दै सुनसान र बिहान अबेर मात्रै सडकमा मानिसको चहलपहल देखिने झापाका ग्रामीण क्षेत्रका बजार र सडकमा समेत अहिले उज्यालोकै कारण राति अबेर र बिहान सबेरै चहलपहल देख्न सकिन्छ । शहरी क्षेत्रका भन्दा ग्रामीण क्षेत्रका बजार र सडक सफा भएका कारण गाउँ-गाउँमा अहिले मर्निङ वाकको लहर नै आएको छ ।

स्थानीय तहको निर्वाचनपछि चुनिएका जनप्रतिनिधिले आ-आफ्नो ठाउँको विकासमा चासो राख्दै गाउँका बजारलाई स्मार्ट सिटी, धुलौटे सडकलाई कालोपत्रे, सडकपेटीमा सौर्यबत्ती जडान गरेकै कारण झापाका शहरी र ग्रामीण क्षेत्रका बजारसमेत चम्किएको देख्न सकिन्छ ।

तीन वर्षअघि म विदेश (दुवई)जाँदा यहाँ केही सुविधा थिएन- बाह्रदशी गाउँपालिका-१ बोक्राझाडीका कृष्ण घिमिरे 'प्यासी'ले भने- अहिले राजगढ बजार साँझपख त धपक्कै बल्दो रहेछ । गाउँपालिकाले स्मार्ट सिटीको अवधारणा अगाडि बढाएर सडक कालोपत्रे गरेको, स्थानीयको सक्रियतामा ठूला-ठूला सपिङ मल खुलेको, उद्योगधन्दा खोलिनु र साँझ पर्दै जाँदा बजारमा देखिने झिलिमिली बत्तीले यहाँको स्वरूप नै बदलिएछ । तीन वर्षअघि उनको गाउँमा बिजुली बत्ती पुगेको थिएन । कुप्पी (मट्टितेल र सलेदोको सहायताले बालिने बत्ती) बालेर बस्नु पर्थ्यो तर अहिले घरघरमा बिजुली पुगेको छ । विदेशमा हुँदै सुनेको थिएँ, गाउँपालिकाले उज्यालो बाह्रदशी भन्ने अभियान चलाएको छ, हो रहेछ- घिमिरेले भने । बाह्रदशीका सबै वडामा अहिले विद्युत्को पहुँच पुगेको छ ।

त्यसो त बाह्रदशी गाउँपालिकाले करोडौं रुपैयाँ खर्च गर्दै पहिलो वर्ष नै बाह्रदशीलाई उज्यालो बनाउने योजना अघि सारेको थियो । सोही योजना अनुसार नेपाल विद्युत् प्राधिकरणसँग सहकार्य गर्दै बाह्रदशीका सातवटै वडामा विद्युत् विस्तार गरियो । बाह्रदशी गाउँपालिकाका अध्यक्ष खड्गप्रसाद राजवंशीका अनुसार गाउँपालिका गठन भएपछि पहिलो र दोस्रो वर्ष बाह्रदशीमा विद्युत् विस्तारका लागि एक/एक करोड रुपैयाँ खर्च गर्दै विद्युत् विस्तारको पहल थालिएको थियो । प्राधिकरणसँगको सहयोगमा गरिएको विद्युत् विस्तारका कारण दुई वर्षमा सबै वडावासीलाई उज्यालोमा राख्न सकिएको उनको भनाइ छ ।

विकासको दृष्टिले पछि परेको बाह्रदशीमा अहिले मुलुक संघीय संरचनामा गएपछि विकासले फड्को मारेको छ । गाउँपालिकाभित्र रहेका सबैजसो धुलौटे सडक कालोपत्रे गरिनु, गाउँमै १५ शय्याको अस्पताल निर्माणको काम शुरु हुनु, सात वटै वडामा प्राथमिक स्वास्थ्य चौकीको निर्माण हुनु, गाउँमै बर्थिङ सेन्टरको सुविधा हुनु, विपन्न परिवारका लागि छुट्टै र चिटिक्क परेको बस्ती बसाल्न सक्नु, पक्की पुल, झोलुङ्गे पुल, कज्वे र आवश्यक परेको ठाउँमा ह्युमपाइप राख्दै आवतजावतमा सहज बनाउनुले स्थानीयवासीले राहतको अनुभव गरेका छन् ।


अझ कृषि अनुदानका कार्यक्रम सञ्चालन गर्दै व्यवसायिक खेतीमा प्रोत्साहित गरेपछि गाउँपालिकाको कार्यशैलीप्रति स्थानीयवासी खुशी देखिएका छन् । संघ, प्रदेश र स्थानीय तहले खानेपानी ट्याङ्की निर्माणदेखि ज्येष्ठ नागरिक चौतारी निर्माणसम्मका कार्यक्रम ल्याएर सबैलाई समेटेपछि गाउँपालिकावासी आफैंमा दङ्ग छन् ।

झापा गाउँपालिकामा छात्रा र विपन्न विद्यार्थीलाई साइकलसमेत वितरण गरिएका कारण बीचैमा पढाइ छाड्ने विद्यार्थीसमेत विद्यालय जान थालेको झापा गाउँपालिकाका अध्यक्ष जयनारायण साहले बताए । उनले भने- स्थानीय तहमा हामीले अब यो गर्न बाँकी छ भन्ने ठाउँ नै राखेनौं, सबै पक्षलाई समेटेर समानुपातिक रूपले विकास निर्माणका कामलाई अघि बढाएका कारण झापा गाउँपालिका पछिल्लो केही वर्षभित्रै समृद्ध बन्दै गएको छ ।

सात वटै वडामा एकएक वटा मुख्य सडकको छनोट गर्दै कालोपत्रेको काम, जीर्ण अवस्थामा पुगेका विद्यालयका भवनलाई पुनः निर्माण, सबै विद्यालयमा स्मार्ट कक्षा सञ्चालन, कक्षा ११ र १२ अध्ययन गर्ने सबै विद्यार्थीलाई पूर्णरूपमा छात्रवृत्ति, कृषकलाई पशु उपहारदेखि भकारो सुधारसम्मका कार्यक्रम सञ्चालन

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'सांसद किनबेच हुने स्थिति आएकाले प्रतिनिधिसभा विघटन'



**काठमाडौं, माघ ८।** प्रधानमन्त्री केपी शर्मा ओलीले सांसद् किनबेचको खेल पुनः हुन थालेको जनाउँदै त्यसैले आफू प्रतिनिधिसभा विघटन गरी ताजा निर्वाचन जान लागेको बताएका छन् ।

प्रेस संगठन नेपालको दोस्रो राष्ट्रिय भेलाको विहीवार उद्घाटन गर्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष ओलीले अवरोध चिरेर विकास र समृद्धिका यात्रामा अघि बढ्न सरकार र पार्टी दृढताका साथ लागेको जनाए ।

देशमाथि सांस्कृतिक र अनेक हमला भइरहेको छ, यसमा हामी सबै सजग हुनुपर्छ । देश बनाउने र बचाउने हो भने हामीले सहमति कायम राख्न आवश्यक छ- उनले भने- हामी कुनै आक्रोश, उत्तेजना र पूर्वाग्रह साध्ने होइन । हामी रातो झण्डा फहराउनेवालाहरु हौं । काला झण्डा बोकेर हिँड्नेवाला होइनौं । हामी उज्यालो र चम्किलो भविष्यतर्फको गन्तव्यतर्फ अघि बढ्न स्पष्ट छौं । हामीलाई देश बनाउनु छ । सुशासन र विकासको बाटोमा जानु छ ।

अर्को प्रसङ्गमा प्रधानमन्त्री ओलीले पीत पत्रकारिता आफैं हराएर जाने बताउँदै देश, जनता, लोकतन्त्र, स्थिरता र सत्यका पक्षमा कलम चलाउन पत्रकारलाई आग्रह गरे । 'समृद्ध नेपाल निर्माणका लागि पूर्ण प्रेस स्वतन्त्रतासहितको सबल श्रमजीवी पत्रकारः स्थिरता, विकास र राष्ट्रिय स्वाधीनताको रक्षाः प्रेस सङ्गठन नेपालको आधार' भन्ने नाराका साथ आयोजित भेलामा उपप्रधानमन्त्री ईश्वर पोखरेललगायत नेता, मन्त्री र पत्रकारिता क्षेत्रका अग्रजको सहभागिता छ ।

कार्यक्रममा सहभागी नेताहरुले नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का सचिवालय सदस्य एवम् सरकारका वरिष्ठ मन्त्रीहरुले मुलुकमा अस्थिरता आउन सक्ने स्थितिमा बाध्यात्मक रुपमा प्रतिनिधिसभा विघटन भएकाले पुनर्स्थापना भएमा प्रतिगमन हुने बताए । भेलामा नेताहरुले ताजा जनादेशमा जाने निर्णय अग्रगमन हुने भएकाले सोही भावलाई आमजनसमुदायमा सम्प्रेषण गर्न पत्रकारलाई आग्रह गरे । प्रधानमन्त्री ओलीको सिफारिसमा गत पुस ५ गते राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रतिनिधिसभा विघटन भई आगामी वैशाख १७ र २७ गतेका लागि नयाँ निर्वाचनको मिति घोषणा भएको थियो ।

कार्यक्रममा नेकपा सचिवालय सदस्य ईश्वर पोखरेलले नेकपाभित्र उत्पन्न विभाजित परिस्थिति

*(बाँकी अन्तिम पृष्ठमा)*

## एक सय ३१ वडामा कांग्रेसको बिरोध प्रदर्शन



**बिर्तामोड, माघ ८।** केपी ओली नेतृत्वको कम्युनिष्ट सरकारले गरेको संसद विघटनबिरुद्ध नेपाली कांग्रेसले विहीवार देशभरका ६ हजार ७ सय ४३ वडामा बिरोध प्रदर्शन तथा बिरोधसभा सम्पन्न गरेको छ । नेपाली कांग्रेस केन्द्रीय समितिको पुस १९ को निर्देशन र नेपाली कांग्रेस झापाको पुस २१ गतेको निर्णय बमोजिम झापाका १५ वटा पालिकाका एकसय ३१ वटै वडामा विरोध प्रदर्शन सम्पन्न भएको हो ।

'संसद विगठनको असंवैधानिक कदम फिर्ता, नेपाली कांग्रेस जिन्दाबाद, संघीय लोकतान्त्रिक गणतन्त्र जिन्दाबाद, संविधान बिरोधी तत्व होशियार लगायतका नारा र विरोध स्वरुप कालो ब्यानर, कालोझण्डासहित झापाका एक सय ३१ वटै वडामा बिरोध प्रदर्शन तथा बिरोधसभा सम्पन्न भएको हो ।


विरोध सभामा नेपाली कांग्रेसका केन्द्रीय सदस्य, जिल्ला सभापति, जिल्लाका पदाधिकारी/सदस्य, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, क्षेत्रीय/प्रदेश सभापति, गाउँ/नगर सभापति तथा जिल्लाले वार्डमा खटाएमा प्रतिनिधिहरुले सम्बोधन गरेका थिए । विरोधसभाका बक्ताहरुले प्रधानमन्त्री केपी ओलीले संविधानमा संसद विघटनको प्रावधान नै नभएको बताउँदै असंवैधानिक कदमकाविरुद्ध एकजुट हुन कार्यकर्तालाई आव्हान गरेका थिए ।

संविधानको धारा-७६मा प्रधानमन्त्रीले प्रतिनिधिसभाबाट विश्वासको मत लिने, विश्वासको मत प्राप्त नगरेको अवस्थामा बहुमतको सरकार गठन प्रक्रिया अघि बढाउने, बहुमतीय प्रक्रियाबाट पनि सरकार गठन हुन नसकेको अवस्थामा मात्रै संसद विघटन हुने व्यवस्था रहेको कानूनविद् बताउँछन् । वर्तमान प्रधानमन्त्री ओलीले संसदबाट विश्वासको मत लिने प्रक्रिया नै नचाली संसद विघटन गरेपछि नेपाली कांग्रेससहितका दलहरु अहिले सडक संघर्षमा उत्रिएका हुन् ।

यसैबीच विर्तामोड-३मा आयोजित बिरोधसभामा बोल्दै कांग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले संविधानमा प्रावधान नै नभएको धारा उल्लेख गरेर संसद विगठन गर्नु

*(बाँकी अन्तिम पृष्ठमा)*

## जिल्ला सहकारी संघ झापामा पुनः ढकाल



**गणेश ढकाल**
**अध्यक्ष**



**महेन्द्रकुमार गिरी**
**वरिष्ठ उपाध्यक्ष**



**भवानीप्रसाद दंगाल**
**सचिव**



**कृष्ण मिश्र**
**सहसचिव**

**बिर्तामोड, माघ ८।** जिल्ला सहकारी संघ झापाको अध्यक्षमा गणेश ढकाल पुनः निर्विरोध भएका छन् । अध्यक्षसहित वरिष्ठ उपाध्यक्ष, सचिव, सहसचिव पनि निर्विरोध चयन भएका छन् ।

संघको वरिष्ठ उपाध्यक्षमा सहारा नेपाल साकोसका प्रमुख कार्यकारी निर्देशक महेन्द्रकुमार गिरी, सचिवमा हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था बिर्तामोडका अध्यक्ष भवानीप्रसाद दंगाल र सहसचिवमा जयनेपाल बचत तथा ऋण सहकारी संस्था बिर्तामोडका कृष्णप्रसाद मिश्र निर्विरोध निर्वाचित भएका छन् ।

संघको आगामी चार वर्षे कार्यकालका लागि सम्पन्न उम्मेदवारी दर्ता चरणमा ढकालको मात्र अध्यक्ष पदमा उम्मेदवारी दर्ता भएपछि उनी निर्विरोध निर्वाचित भएका हुन् । आगामी माघ १७ गते सम्पन्न गरिने संघको निर्वाचनका लागि मनोनयन पत्र दर्ता गरिएको हो । उपाध्यक्ष पदका लागि मेची कृषक बहुमुखीका दुर्गाप्रसाद सापकोटा र नवदुर्गा बहुउद्देश्यीय सहकारी दमकका प्रेमकुमार कोइरालाको मनोनयन दर्ता भएको छ ।

त्यसैगरी महिला उपाध्यक्ष पदका लागि महालक्ष्मी कृषि सहकारी संस्था मेचीनगरकी दुर्गा खतिवडा, उद्यम विकास बचत तथा ऋण सहकारी संस्था दमककी चन्द्रकुमारी खड्का र सृजना महिला बहुउद्देश्यीय सहकारी संस्था कनकाईकी चम्पादेवी खनाल सुवेदीले मनोनयन दर्ता गराएका छन् ।

कोषाध्यक्ष पदका लागि आठमौजा बचत तथा ऋण सहकारी संस्था गौरीगञ्जका अर्जुन दंगाल, राष्ट्रसेवक सहकारी संस्था भद्रपुरका खडानन्द गुरागाँई र कर्णाली बचत तथा ऋण सहकारी संस्था बिर्तामोडका भूपाल बस्नेतले उम्मेदवारी दर्ता गराएका छन् ।

यसरी नै खुल्ला सदस्य चारजना महिलासहित सात जनाका लागि शिक्षक हित बचत तथा ऋण सहकारी संस्था बिर्तामोडका नारायणप्रसाद गौतम, जनशक्ति बचत तथा ऋण सहकारी संस्था बिर्तामोडका ढुण्डीराज गुरागाँई, धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्था बिर्तामोडका कृष्ण पौडेल, सृजनशील बचत तथा ऋण सहकारी संस्था बिर्तामोडका डम्बर बिमली र बिराट बहुउद्देश्यीय सहकारी संस्था बिर्तामोडका मोहन शिवाकोटीले उम्मेदवारी दर्ता गरेका छन् ।

यस्तै इन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्था कमलका चन्द्रकला भण्डारी, सगोल महिला कृषि सहकारी संस्था कनकाईका विन्दाकुमारी थापा, अभियान नेपाल सहकारी संस्था अर्जुनधाराकी चन्द्रकला अधिकारी, सबैको समृद्धि बहुउद्देश्यीय सहकारी संस्था कनकाईकी पुष्पा उप्रेती र महिला चेतना बहुउद्देश्यीय सहकारी संस्था अर्जुनधाराकी गीता अधिकारीले उम्मेदवारी दिएका छन् ।

क्षेत्रीय सदस्यका रुपमा क्षेत्र नं. १का लागि साना किसान कृषि सहकारी संस्था भद्रपुरका देवीमाया अधिकारी, क्षेत्र नं. ३ का लागि पथरिया साना किसान कृषि सहकारी संस्था कचनकवलका नवराज भट्टराई र क्षेत्र नं. ५का लागि मेची सहकारी संस्था दमकका नारायणप्रसाद भट्टराई निर्विरोध निर्वाचित भएका छन् । क्षेत्र नं. २ र ४का लागि भने २-२ जनाले मनोनयन दर्ता गराएका छन् । स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था बिर्तामोडका केशव बस्नेत र गरामनी कृषि सहकारी संस्था बिर्तामोडका ताराप्रसाद चापागाईंले क्षेत्र नं. २ को क्षेत्रीय सदस्यमा उम्मेदवारी दिएका हुन् ।

खुद्रा बचत तथा ऋण सहकारी सहकारी संस्था शिवसताक्षीका नारायणप्रसाद बजगाई र साना किसान कृषि सहकारी संस्था महाभाराका तिलकप्रसाद राजवंशीले क्षेत्र नं. ४ बाट क्षेत्रीय सदस्यका लागि उम्मेदवारी दर्ता गराएका छन् ।

संघको लेखा सुपरीवेक्षण समिति संयोजकमा सूर्यमुखी बचत तथा ऋण सहकारी संस्था दमकका चूडामणि ओझा निर्विरोध निर्वाचित भएका छन् । समितिको दुईजना सदस्य पदका लागि तीन जनाको मनोनयन परेको छ । श्रद्धा कृषि सहकारी संस्था अर्जुनधाराका प्रेमसागर सापकोटा, सनसाइन बचत तथा ऋण सहकारी संस्था भद्रपुरका राजेन्द्रप्रसाद रिजाल र लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था बिर्तामोडका सन्देश मल्लले लेखा सुपरीवेक्षण समिति

*(बाँकी अन्तिम पृष्ठमा)*

## तरुण दल प्रदेश १को संयोजकमा बुढाथोकी



**झापा, माघ ८।** नेपाल तरुण दल प्रदेश १को संयोजकमा झापाका मदन बुढाथोकी चयन भएका छन् ।

नेपाली कांग्रेसको भातृ संगठनका रुपमा रहेको तरुण दलको केन्द्रीय सदस्य समेत रहेका बुढाथोकी प्रदेश १को संयोजकमा चयन भएका हुन् ।

युवा तथा समाजसेवीबाट परिचित बुढाथोकी अर्जुनधारा वडा नं. ७ निवासी हुन् । लामो समयदेखि तरुण दलमा रहेर काम गर्दै आएका बुढाथोकीको पछिल्लो पटक समाजका हरेक क्रियाकलापमा बाक्लो उपस्थिति रहेको छ ।

## हेरोइनसहित एक जना पक्राउ

**झापा, माघ ८।** झापा कमल गाउँपालिका-६का २० बर्षीय नवराज भट्टराई लागूऔषध खैरोहेरोइन ब्राउनसुगरसहित पक्राउ परेका छन् ।

मेचीनगर नगरपालिका-६स्थित मेचीपुलबाट भट्टराईलाइ नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । उनलाई गुप्ताङमा लुकाईछिपाई राखिएको अवस्थामा २० ग्राम खैरोहेरोइन ब्राउनसुगरसहित पक्राउ गरिएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाले जनाएको छ ।

उनी उपर थप अनुसन्धान तथा कानूनी कारबाही अगाडि बढाइएको उक्त कार्यालयले जनाएको छ ।

## पायल्स तथा फिस्टुलाको उपचार

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **माघ ९, र १०** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक

बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

## सूचना

"आर्थिक सशक्तिकरणसहिकतको सामाजिक जागरणः ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, परालाइसिस, मसाजद्वारा उपचार । **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

# सेञ्चुरी बैंकको शाखारहीत सेवा कार्यालय उद्घाटन

**केर्खा, माघ ८।** सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले झापाको कमल गाउँपालिकाको क्याम्पा बजारमा विहीवारदेखि शाखारहीत सेवा सञ्चालन गरेको छ ।

कमल गाउँपालिकाको वडा नं. २ क्याम्पा बजारमा स्थापना भएको कार्यालयको उद्घाटन गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेले गरेकी थिइन् । गाउँपालिकाको मुख्य केन्द्रको रुपमा रहेको क्याम्पा बजारमा स्थापना भएको बैंकको कार्यालयमार्फत छिमेकी शिबसताक्षी नगरपालिकाको वडा नं. १, २ र ३ सहित गौरादह र बैगुनधुराका सेवाग्राहीहरुले सेवा लिने छन् । गाउँपालिकाभित्र हाल एनएमबी बैंक र कामना सेवा विकास बैंकले शाखा कार्यालय स्थापना गरेर सेवा सञ्चालन गरिरहेका छन् ।

सेञ्चुरी कमर्सियल बैक दमक शाखा प्रमुख सुमनकुमार राईका अनुसार कमल गाउँपालिकासहित छिमेकी पालिकाहरुको ग्रामीण क्षेत्रमा बसोबास गर्ने सेवाग्राहीहरुलाई लक्षित गरेर शाखारहीत सेवा कार्यालय स्थापना गरिएको हो ।

उद्घाटन कार्यक्रममा बैंकका प्रदेश १ प्रमुख दीपककुमार पौडेलले बैंकको ३२ वाटा शाखारहीत सेवा, अधिराज्यभर १२० वटा शाखा रहेको बताए । उनले बैंकको ८.५ अर्ब पुँजी ७० अर्बको कर्जा र ७८ अर्बको रहेको नेपालको कन्छो कमर्सियल बैक रहेकोले सर्बसाधारणलाई ढुक्क भएर कारोबार गर्न आग्रह गरे ।

त्यसैगरी, सो कार्यक्रममा वाड नम्बर २का अध्यक्ष ताराप्रसाद न्यौपानेले बिकास निर्माणको काममा उपभोक्ताहरुको खाता खोल्न साथै सामाजिक सुरक्षा भत्ता बितरण गर्न समेत सहज हुने भएकोले क्याम्पाबासीले बैकलाई टिकाइ राख्न महत्वपूर्ण भूमिका हुने बताए ।

क्याम्पास्थित बैंकको कार्यालयबाट खाता खोल्न, रकम जम्मा गर्न, रकम झिक्न, रकम पठाउन र कर्जा लिन समेत सकिने दमक शाखा प्रमुख राईले बताए ।

# जन्मदिनमा नारी सञ्चार गृहलाई सहयोग



**विर्तामोड, माघ ८।** बिर्तामोड-१ निवासी नरेन्द्र बस्नेतको जन्मदिनको अवसर पारेर श्रीमती देविका बस्नेतसहितले नारी सञ्चार गृह झापाले स्थापना गरेको नारी सञ्चार प्रोत्साहन अक्षयकोषका लागि रकम प्रदान गरेका छन् ।

जन्मदिनको अवसर पारेर बस्नेत दम्पत्तिले विहीबार विर्तामोडस्थित आफ्नै निवासमा नारी सञ्चार गृहको टोलीलाई नगद २१ हजार रुपैयाँ प्रदान गरेका हुन् ।

बस्नेत दम्पत्तीले नारी सञ्चार गृहका अध्यक्ष भीमा शिवाकोटी, अक्षयकोषका संयोजक रेजिना गौतम र कोषाध्यक्ष ज्योस्ना श्रेष्ठलाई संयुक्त रुपमा रकम हस्तान्तरण गरेका थिए । रकम हस्तान्तरण गर्दै सामाजिक क्षेत्रमा समेत सक्रिय बस्नेत दम्पत्तिले दृढ संकल्प लिएर अघि बढे लक्ष्यमा पुग्न कठिन नहुने उल्लेख गर्दै अक्षयकोषको लक्ष्यबृद्धि गर्न सुझाव समेत दिए ।

झापाका महिला सञ्चारकर्मीहरुको छाता संगठन नारी सञ्चार गृहले स्थापना गरेको अक्षयकोषको लक्ष्य, उद्देश्य र उपलब्धीहरुबारे अवगत गराउँदै संस्थाकी अध्यक्ष भीमा शिवाकोटीले सहयोगी मनहरुप्रति धन्यवाद दिँदै आभार व्यक्त गरेकी थिइन् ।

# वीरता लेडी जेसीजद्वारा उद्घोषण तालिम



**झापा, माघ ८।** वीरता लेडी जेसीज बिर्तामोडले एक दिवसीय उद्घोषण तालिम सम्पन्न गरेको छ ।

वीरता लेडी जेसीजको सचिवालयमा आयोजित तालिममा जेसीजमा आवद्ध महिलासहित ४० जना सहभागी रहेका थिए । बीरता लेडी जेसीजकी अध्यक्ष स्वस्तिका आचार्यको अध्यक्षतामा भएको तालिमको उद्घाटन संस्थापक तथा कार्यक्रमकी प्रमुख अतिथि शारदा रिजालले गरेकी थिइन् ।

पत्रकार तथा साहित्यकार लीला अनमोलले सहजीकरण गरेको तालिममा आस्था वाचन स्मृति रिमाल 'घिमिरे'ले गरेकी थिइन् । तालिम संयोजक सेलिसा उप्रेतीले स्वागत गरेको कार्यक्रममा जेसीआई मिसन भिजन, नेपाल जेसीज र शाखा प्रकरण रेणुका महतोले वाचन गरेकी थिइन् ।

कार्यक्रममा नेपाल प्रेस युनियन झापाकी सभापति इन्दू पूर्वेली, उर्मिला खरेल लगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन महासचिव हिमा पौडेलले गरेकी थिइन् ।

यसै बीच वीरता लेडी जेसीजको कार्यालयमा आयोजित एक कार्यक्रमका बीच झण्डोत्तोलन गरिएको छ । कार्यालयमा झण्डोत्तोलन गरेर कार्यकाल प्रारम्भ गर्ने जेसीजको मान्यता अनुसार संस्थाको कार्यालयमा राष्ट्रिय झण्डा र जेसीज झण्डा झण्डोत्तोलन गरिएको हो ।

संस्थाकी अध्यक्ष स्वस्तिका आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि वीरता लेडी जेसीजकी संस्थापक अध्यक्ष शारदा रिजालले झण्डोत्तोलन गरेकी थिइन् । संस्थाका पूर्वअध्यक्ष पार्वता खरेल विमली लगायतले मन्तव्य राखेको कार्यक्रमको सञ्चालन महासचिव हिमा पौडैलले र संयोजन रोजिना पाण्डेले गरेका थिए ।

## एक सय ...

लोकतान्त्रिक संविधानमाथिकै प्रहार भएको भन्दै लोकतान्त्रिक संविधानको रक्षा कांग्रेसको पहिलो कर्तव्य भएको बताए । वार्डसभापति प्रेम उप्रेतीको सभापतित्वमा सम्पन्न विरोधसभामा पूर्व सांसद डिल्ली सिटौलाले पनि बोलेका थिए ।

यसैबीच झापाको बुद्धशान्ति-३मा आयोजित विरोधसभामा बोल्दै कांग्रेस केन्द्रीय सदस्य सरिता प्रसाईले कम्युनिष्ट नेतृत्वको सरकारले भ्रष्टाचारीलाई संरक्षण गरेको, नीतिगत तथा आर्थिक भ्रष्टाचार गरेको र संविधानमाथि नै धावा बोलेको आरोप लगाइन् ।

अर्जुनधारा-८मा आयोजित सभालाई सम्बोधन गर्दै केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीले असंवैधानिक कदम नसच्चिएसम्म कांग्रेसले विरोध प्रदर्शन जारी राख्ने उद्घोष गर्दै प्रदर्शनमा सशक्त सहभागिता जनाउन आम लोकतन्त्रप्रेमी महानुभावलाई आव्हान गरे ।

झापाको अर्जुनधारा-११मा आयोजित विरोधसभालाई सम्बोधन गर्दै नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले कम्युनिष्ट पार्टीभित्रको बेमेलका कारण संसद विघटन गरेर ओलीले अलोकतान्त्रिक चरित्र देखाएको बताउँदै संविधानको संरक्षणका लागि कांग्रेस जस्तोसुकै संघर्ष गर्न तयार रहेको बताए ।

यसैगरी झापाको भद्रपुर-५मा ओमप्रकाश सरावगी, कनकाई-३मा देउकुमार थेवे, दमक-६मा विश्वदीप लिङ्देन, मेचीनगर-४मा राम कट्टेल, ३मा केशवराज पाण्डे, १४मा लोकराज ढकाल, १५मा तारावीर कटुवाल, बुद्धशान्ति-५मा प्रेम सम्बाहाम्फे, बाह्रदशी-२मा दयानन्द गोश्वामी, कमल-७मा दिलीप राई, ६मा राजेन्द्र भण्डारी, अर्जुनधारा-६मा दीपक तामाङ, शिवसताक्षी-४ र ५मा भक्ति सिटौला, बिर्तामोड-५मा महासमिति सदस्य सीता पौडेल, बिर्तामोड-४मा जलकुमार गुरुङ तथा अन्य वडाहरुमा जिल्लाबाट खटाइएका प्रतिनिधि, जिल्ला सदस्य, महाधिवेशन प्रतिनिधि, महासमिति सदस्य, क्षेत्रीय तथा प्रदेश क्षेत्रीय सभापति, गाउँ/नगर सभापति लगायतले सम्बोधन गरेका थिए ।

यसअघि जिल्ला, निर्वाचन क्षेत्र, ३३० वटै प्रदेश निर्वाचन क्षेत्र र ७ सय ५३ वटै पालिकाहरुमा विरोध प्रदर्शन सम्पन्न गरिसकेको कांग्रेसले ओलीको असंवैधानिक कदमबारे आम जनसमुदायलाई जानकारी गराउँदै त्यसको विरोधमा जनमत सिर्जना गर्न वार्ड तहमा विरोध प्रदर्शन गरेको हो ।

## झापाका ...

गरिएको उनले बताए ।

पन्ध्र वटा स्थानीय तह रहेको झापा र बाह्रदशी गाउँपालिका उदाहरणका लागि मात्रै प्रस्तुत गरिएका गाउँपालिका हुन् । झापा र बाह्रदशीजस्तै सबै पालिकामा अहिले विकास निर्माणका कामलाई पहिलो प्राथमिकतामा राखिएको छ । सबै पालिकाले आ-आफ्नो क्षेत्रभित्र विकासका पूर्वाधारलाई उच्च प्राथकिमतामा राखेर निर्माण गरिरहेका छन् ।

शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटनजस्ता क्षेत्रको विकासका लागि पनि बजेट नै विनियोजन गर्दै त्यससम्बन्धी कार्यक्रम सञ्चालन गरेका कारण झापाका सबै स्थानीय तह समृद्ध बन्दै गएका हुन् । अझ शहरोन्मुख बजारका रूपमा विकसित हुँदै गएका विर्तामोड, भद्रपुर, दमक, सुरुङ्गा, काँकरभिट्टा, धुलाबारीको विकासका लागि स्थानीय तहले थप योजना अघि सारेका छन् । राजमार्गसहित आवासीय क्षेत्रमा बत्तीको झिलिमिली मात्रै होइन विकासका पूर्वाधारका सबैखाले काम भइरहेका छन् । अझ प्रधानमन्त्री केपी शर्मा ओलीको गृहनगर दमकमा त झन अर्बौं रुपैयाँका बहुवर्षीय योजना सञ्चालनमा छन् ।

## जिल्ला ...

सदस्य पदमा उम्मेदवारी दिएका हुन् ।

निर्वाचन कार्यक्रम अनुसार यही माघ १० गते दिउँसो ३ बजेसम्म उम्मेदवारले मनोनयन फिर्ता लिने समय रहेकाले सो अवसरको सदुपयोग हुनेमा पनि उनले विश्वास व्यक्त गरे ।

सबै पदहरु निर्विरोध नभएमा आगामी माघ १७ गते मतदान मार्फत् संघको नेतृत्व चयन गर्नुपर्ने भएको छ । संशोधित विधानअनुसार संघमा १९ सदस्यीय सञ्चालक र तीन सदस्यीय लेखा सुपरीवेक्षण समिति रहने संघका अधिकृत संजय ढकालले जानकारी दिएका छन् । संघले गतवर्षको साधारणसभाबाट नै अधिवक्ता देवराज भण्डारीको संयोजकत्वमा खोमप्रसाद बगाले र सन्तोष आचार्य सदस्य रहेको निर्वाचन समिति गठन गरेको थियो ।

## सांसद ...

अचानक उत्पन्न भएको नभई एकता गर्दादेखि नै त्यसका भ्रुण देखिएको बताए । उनले अन्तरविरोधमा खेलेर आफ्नो स्वार्थका लागि अरुको ढाडमा टेकी टाउकामा हान्ने प्रवृत्तिका कारण यो स्थिति आएको टिप्पणी गरे ।

उपप्रधानमन्त्री पोखरेलले केही सञ्चारगृहले हाकाकाही झुटो, तथ्यहीन र आपराधिक प्रकारका विषयवस्तु पस्किएर जनतालाई कुसूचित गरिरहेको जनाउँदै पीत पत्रकारितातर्फ सजग रहन आग्रह गरे । नेकपा सचिवालय सदस्य एवम् गृहमन्त्री रामबहादुर थापाले सरकारले निर्वाचनको तयारी शुरु गरिसकेको बताउँदै प्रतिनिधिसभा पुनःस्थापना भएमा प्रतिगमन हुने दावी गरे ।

नेकपा सचिवालय सदस्य एवम् नेकपाका महासचिव विष्णुप्रसाद पौडेलले नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीलाई लगाएका अभियोगपत्र फिर्ता लिएमा पार्टी एकता पूर्ववत् रहने बताउँदै निर्वाचनको तयारीमा सरकार र पार्टी लागिसकेको बताए । उनले कोरोना महामारीविरुद्ध सबैलाई निःशुल्क खोप उपलब्ध गराउन सरकारले तयारी गरिरहेको पनि जानकारी दिए ।

नेकपा स्थायी कमिटी सदस्य एवम् ऊर्जा, सिञ्चाइ तथा जलस्रोतमन्त्री टोपबहादुर रायमाझीले 'पार्टीमा निर्वाचन नगरी लामो समय आफैं नेतृत्वमा रहने प्रवृत्ति भएका नेताहरुले आफ्नै अध्यक्षको नेतृत्वमा रहेको सरकारलाई हठात् ढाल्न खोजेर देशमा अस्थिरता निम्त्याउन खोजेकाले' प्रधानमन्त्री ओलीले बाध्यात्मकरुपमा प्रतिनिधिसभा विघटन गरेको बताए ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले सरकार सञ्चारमैत्री प्रेस नीति र कानून तर्जुमा र कार्यान्वयनमा अग्रसर रहेको बताउँदै श्रमजीवी पत्रकारको हकहितका लागि सरकार सधैँ पत्रकारका साथमा रहेको स्पष्ट गरे । उनले नेपाल पत्रकार महासंघसहित सबै सम्बन्धित सङ्गठनसँग सरकार सहकार्य गरेर काम गर्न पनि तत्पर रहेको बताए ।

सङ्गठनका सहसंयोजक गणेश बस्नेतले ताजा निर्वाचनमा जाने सरकारको निर्णयलाई प्रतिगमन भन्न नसकिने जनाउँदै सङ्गठनको अर्को पक्षले संस्थाको दुरुपयोग गरी त्यसलाई प्रतिगमन भनी विरोध गरेकाले आफूहरु पनि भेला आयोजना गर्न बाध्य भएको बताए ।

कार्यक्रममा काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य, तत्कालीन प्रेस चौतारी नेपालका पूर्वअध्यक्ष राजेन्द्र अर्याल, प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष गोपाल बुढाथोकी, पूर्वसूचना आयुक्त यशोदा तिम्सिना, नेपाल पत्रकार महासंघका पूर्व महासचिव उजीर मगर, आदिवासी जनजाति पत्रकार महासंघका अध्यक्ष डण्ड गुरुङलगायतले भेला सफलताको कामना गरेका थिए । भेलाको उद्घाटन प्रधानमन्त्री ओलीले गरेका थिए ।


## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारीको तु-आवश्यकता ।
**कुक- १ जना**
**हेल्पर- २ जना (महिला)**
**सम्पर्कः ९८१४०१५१०४, ०२३-५४५४५७**

## बिक्रीमा

**मेचीनगर-७ मा ७०X२२ को ट्रस्टले बनेको कुखुरा तथा गाईपालन, बाखापालन गर्न मिल्ने भवन बिक्रीमा रहेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।**
**सम्पर्क नम्बर : ९८४२७०४१६१/९८१७०६४२६६**

## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, प्रदेश नं १, नेपाल
मिति : २०७७/१०/०८

## बोलपत्र प्रस्ताव स्वीकृतिको आशयपत्रको सूचना

**यस कार्यालयको मिति २०७७/०८/२८ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावमध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई प्रस्ताव छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। छनौट प्रस्तावविरुद्ध सूचना प्रकाशित मितिले ७ दिनभित्र कुनै प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानि स्वीकृत गरिनेछ ।**

| S.N. | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT &PS(NRs) |
|---|---|---|---|---|
| 1 | AM/NCB/WORKS/09-077/78 | Construction of Low Cost House (21 Nos),Arjundhara-5,6 | Friends Orbit Construction Services ,Kankai-8, Jhapa | 39,88,976.83 |
| 2 | AM/NCB/WORKS/10-077/78 | Construction Of Blacktop Road in Ward 1,2,3,4 | Singha Nirman Sewa , Sunsari | 83,85,848.3 |
| 3 | AM/NCB/WORKS/11-077/78 | Construction Of Blacktop Road in Ward 5,6,11 | Jay Pathivara Construction ,Birtamode-05,Jhapa | 65,48,753.91 |
| 4 | AM/NCB/WORKS/12-077/78 | Construction Of Blacktop Road in Ward 7,8,9,10 | Singha Nirman Sewa , Sunsari | 1,10,10,676.86 |
| 5 | AM/NCB/WORKS/13-077/78 | Cosntruction of Pavers Road with Drain Arjundhara-7,8 | Pathari Constructions, Pathari sanischare, Morang | 69,75,554.5 |

## आकर्षक घडेरी बिक्रीमा

**झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।**
**नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ ।**
***पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।***
**सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)**

## सुरुङ्गा कनकाई बचत तथा ऋण सहकारी संस्था लिमिटेड

कनकाई नपा-३, सुरुङ्गा, झापा

## कर्मचारी आवश्यकता

प्रथमपटक प्रकाशित मिति : २०७७/१०/०८

यस सहकारी संस्थामा दैनिक कार्य सञ्चालनको लागि कर्मचारी आवश्यकता परेकाले व्यवस्थापन समूहमा कम्तीमा +२ उत्तीर्ण गरेका कम्प्युटरमा अनुभवी १ जना लेखापाल नियुक्ति गर्नुपर्ने भएकाले तपसिलमा उल्लेखित योग्यता भएका शेयर सदस्य वा शेयर सदस्यका एकाघरका परिवारबाट कार्यालय समयमा उपस्थित भई आफ्नो बायोडाटासहित लिखित निवेदन दिनुहुन अनुरोध गरिन्छ ।

दरखास्त आव्हानको अन्तिम मितिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

पद : लेखापाल

**पेश गर्नुपर्ने कागजातहरू:**

- शेयर प्रमाणपत्रको प्रतिलिपि-१
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१
- एसएलसी वा एसईईको प्रमाणपत्रको प्रतिलिपि-१
- व्यवस्थापन संकायमा कम्तीमा +२ उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि-१
- कम्प्युटर सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि-१
- अन्य अनुभवको प्रमाणपत्रका प्रतिलिपिहरु
- निवेदन दिने मितिः- २०७७ माघ १० गतेदेखि २०७७ माघ १७ गतेसम्म ।
- निवेदन दिने समयः- बिहान १०:३० बजेदेखि अपरान्ह ४:०० बजेसम्म ।
- परीक्षाको किसिमः- लिखित र अन्तर्वार्ता ।
- सम्पर्क नं. : ०२३-५५१३२६
- निवेदन दस्तुरः- रु. ५००/- (पाँच सय रुपैयाँ मात्र)

**पदपूर्ति उपसमिति**

## सूचना ! सूचना !! सूचना !!!

दोस्रोपटक प्रकाशन भएको मिति २०७७/१०/९ गते

जिल्ला भेटनरी अस्ताल तथा विज्ञ केन्द्र झापाको आ.व. २०७७/०७८का लागि शान्तिनगर बाख्रा बृहत्तर पकेट कार्यक्रम कार्यान्वयन समितिलाई प्रजनन्योग्य बाख्रा खरिद गर्न रु. ८ लाख १० हजार प्राप्त भई शिलबन्दी कोटेशनबाट खरिद प्रकृया अघि बढाउनुपर्ने भएकाले यस समितिको कार्यालयमा सूचीकृत भएका र अन्य खुल्ला बाख्रा फर्मबाट २०७७-१०-८ गतेको सञ्चालक समितिको निर्णयबाट दोस्रोपटकको कोटेसन माग गर्ने निर्णय भए बमोजिम यो सूचना दोस्रो पटक प्रकाशन गरिएको छ ।

**बाख्रा स्थानीय खरिजातः** संख्या ५६ वटा
मूल्य प्रति गोटा उच्चतम् १४ हजार घटाघटमा फर्महरुले कोटेशन पेश गर्ने अन्तिम मिति २०७७/१०/१५ गते बेलुका ४ बजेसम्म ।

**शर्तहरुः-**
१) आवेदन फर्म शान्तिनगर बाख्रा बृहत्तर कार्यक्रम कार्यालयबाट रु. ५०० को नगदी रसिद लिई प्राप्त हुने छ ।
२) शिलबन्दी कोटेशनमा उल्लेख भएको रकमको ५प्रतिशत शान्तिनगर बाख्रा बृहत्तर समितिको भद्रपुरस्थित राष्ट्रिय वाणिज्य बैंकको खाता नम्बर २२१०००८०२९०१ जम्मा गरि भौचर पेश गर्नुपर्ने छ ।

**बाख्राको विशेषताहरुः-**
१) दुई वा दुईभन्दा बढी पाठापाठी जन्माउने माउ हुनुपर्ने ।
२) माउ र बाउ बीच हाडनाता नभएको ।
३) दुध उत्पादन राम्रो गर्न सक्ने ।
४) प्रजनन् सम्बन्धी रोग वा अन्य रोगबाट मुक्त ।
५) तौल २२ केजीभन्दा माथि ।
६) पहिला र दोस्रो बेतसम्मको हुनुपर्ने ।

## कमल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल
मितिः २०७७।१०।०८

## वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**यस कार्यालयवाट मिति २०७७/८/१८मा प्रकाशित सूचना बमोजिम देहायको कार्य गर्नका लागि रितपूर्वक दर्ता हुन आएका वोलपत्रहरूमध्ये न्यूनतम् मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही तपसिलका वोलपत्र यस कार्यालयको मिति २०७७/१०/८ को निर्णय अनुसार स्वीकृतिको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलकवोल अंक (मु.अ.करसहित ) | सारभुत रूपमा प्रभावग्राही कम्पनीको नाम र ठेगाना |
|---|---|---|---|---|
| १. | 9/KRM/PILING/077/78 | ढकाल गाउँ ह्याग्रीखोला पुलमा पाइलिङ गर्ने कार्य | ३५,४३,६२७/१० | अल्ट्राटेक विल्डर्स मुलपानी काठमाण्डौं |
| २. | 10/KRM/ROAD/077/78 | साम्रामिल-वगानेटोल (शिसावाँध -क्याम्पा जोडने सडक कालोपत्रे गर्ने कार्य | १९,२५,७२२/९० | प्रविण निर्माण सेवा दमक-५ झापा |

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## कर्मचारी आवश्यकता

यस ट्रेनिङ्ग सेन्टरलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
पद : रिसेप्सनिष्ट : १ जना (महिला)
योग्यता : +२ पास (कम्प्युटरमा दक्ष)
आवश्यक कागजात : शैक्षिक योग्यताको प्रमाण पत्र, हस्त लिखित निवेदन, २ प्रति पासपोर्ट साइजको फोटो ।
तलब : आपसी समझदारीमा

**छेसाङ्ग ट्रेनिङ्ग सेन्टर**
**विनायक होटल छेउ, बिर्तामोड (सम्पर्कः ९८०६०२४७११)**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय

## त्रास यथावत सतर्कता जरुरी

**नेपालमा दोस्रो लहरको कोरोना संक्रमणको जोखिम बढेको विज्ञहरुको औंल्याएका छन् । बेलायतबाट शुरु भएको भनिएको नयाँ प्रजातिको कोरोनाको संक्रमण तीन जनामा पुष्टि भएसँगै नेपालमा संक्रमणको जोखिम बढेको उनीहरुको भनाइ छ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका अनुसन्धान विभागका संयोजक डा. शेरबहादुर पुनले बदलिएको राजनीतिक परिस्थिति, संसद विघटनको पक्ष–विपक्षमा भइरहेका भेला, प्रदर्शन, स्वास्थ्य मापदण्डको उल्लंघन, बढ्दो भिडभाड जस्ता कारणले दोस्रो चरणको संक्रमणको जोखिम बढेको उनको भनाइ छ । पहिलो चरणको कोरोना संक्रमणको दर घट्दै गएका कारण आम मानिसले सुरक्षा सतर्कता अपनाउन छाडेका छन् भने मास्क प्रयोग गर्नेहरुको संख्या पनि घट्दै गएको छ । यही समय कोरोना रोकथामका लागि विश्व स्वास्थ्य संगठनले निर्देशन गरे अनुसारका मापदण्डको पालना गर्न/गराउन सरकारका तर्फबाट कुनै पहल भइरहेको छैन । अझ स्थानीय सरकारको जिम्मामा दिएपछि त कोरोना भाइरसको विस्तारमा 'मलजल' हुने गतिविधि ह्वात्तै बढेको छ । त्यसकै नतिजा हुनसक्छ आम मानिसले संक्रमणको जोखिमप्रति लापर्वाही मात्र गरिरहेका छैनन्, विद्यालय, सिनेमाहल, जिमखाना, सौन्दर्य प्रशोधन स्थलहरु खुल्ला गरेर जोखिमलाई आमन्त्रण गरिरहेका छन् ।**

**नयाँ प्रजातिको कोरोना संक्रमण विश्वका साठी देशमा पुगिसकेको विश्व स्वास्थ्य संगठनले जनाएको छ । यसका बारेमा अनुसन्धान नभइरहेको र विस्तारको गति तीव्र रहेको कारण नेपालले ठूलो क्षति व्यहोर्नुपर्ने हुनसक्छ । हाम्रो लापर्वाही, सरकारका कारण उत्पन्न राजनीतिक अस्थिरता, दिनहुँजसो भइरहेका सभा, जुलुस, भेला तथा प्रदर्शन लगायतले परिस्थिति घातक बन्न सक्ने भन्दै चिकित्सकहरुले चेतावनी नै दिएका छन् । सम्भावित जोखिमको न्यूनीकरण, रोकथामप्रति गम्भीर नहुने हो भने तथा राजनीतिक दल र आम मानिस स्वयम् सचेत, सजग र सतर्क नरहने हो भने त्यसले पार्ने दीर्घकालीन असरबाट कोही पनि जोगिन सक्ने छैन । समृद्ध देशहरुले कोरोना संक्रमणको विस्तारलाई रोक्न अनेक स्वास्थ्य उपायको अवलम्वन गरेका छन् । अझै कतिपय देशहरुमा बन्दाबन्दी यथावत छ । कोरोनाविरुद्ध खोपको आविष्कार मात्र होइन प्रयोग नै गर्न थालेका छन् उनीहरुले । यद्यपि त्यसको प्रभावको प्रत्याभूति हुन सकिरहेको छैन तथापि आफ्ना जनतालाई कसरी सुरक्षित राख्न सकिन्छ त्यसतर्फ स्वास्थ्य सेवा, उपचार, विकल्प, राहत तथा खोप उपलब्ध गराइरहेका छन् ।**

**कोरोना संक्रमणको जोखिम बढिरहेका बेला छिमेकी देशभारतले दश लाख खोप निःशुल्क प्रदान गरेको छ । अक्सफोर्ड एस्ट्राजेनेकाले विकास गरेको र भारतमा उत्पादन भएको 'कोभिसिल्ड' नामक खोप भारतले नेपाललाई निःशुल्क प्रदान गरेको हो । उक्त खोप बिहीबार नै नेपाल ल्याइ पुऱ्याइएको छ । उच्च जोखिममा रहेका चिकित्सक, स्वास्थ्यकर्मी, प्रहरी, एम्बुलेन्स चालक, शव व्यवस्थापन गर्ने र सफाईकर्मीहरुलाई उक्त खोप दिइने स्वास्थ्य मन्त्रालयले जनाएको छ । एकातिर कोरोनाको पहिलो चरण नियन्त्रणमा आएको छैन भने अर्कोतिर आममानिस त्यसले पुऱ्याउन सक्ने क्षति प्रति गम्भीर हुन छाडेका छन् । यस्तो बेला भिडभाड हुने विद्यालय, सिनेमाघर खुल्ला गरिनु कोरोनाको दोस्रो चरणलाई स्वागत गर्नु सरह भएको छ । हामीमा बढ्दो उदासीनता र लापर्वाहीले उत्पन्न गर्ने क्षतिको जिम्मेवार आफैं हुनुपर्नेछ । त्यसैले पनि विश्व समाजमा कोरोना महामारीले पुऱ्याएको मानवीय तथा अन्य क्षति प्रति गम्भीर हुनैपर्छ । खोप आउला, लाउँला र अकाल मृत्युबाट जोगिऔंला भनेर निश्चिन्त हुन थालियो भने प्रतिकूलताको सामना गर्नैपर्छ । त्यसैले पनि स्वास्थ्य सुरक्षाका मापदण्डहरुप्रति सतर्क रहौं, सतर्कता अपनाऔं अन्यथा अनेक क्षति व्यहोर्न बाध्य हुनुपर्नेछ ।**

# नेपाली कांग्रेस र अबको बाटो



**विष्णुप्रसाद खरेल**

प्रतिनिधिसभा विघटनपछि अदालतको आदेश कुरेर विघटन सदर भए चुनावमा जाने कि पहिला नै पुनर्स्थापनाका लागि आन्दोलन थाली हाल्ने बारे कांग्रेसमा एकमत छैन । अदालतको आदेश पालना गर्ने तर्क आफैमा लोकतान्त्रिक विधि हो । नेपाली कांग्रेस पार्टी अदालतको सम्मान गर्ने र कानूनको परिपालना गर्ने पार्टी हो । कानूनको परिपालनाबाट मात्र लोकतन्त्र र मानव अधिकारको रक्षा गर्न सकिन्छ भन्ने मान्यता नेपाली कांग्रेसमा देखिन्छ । यद्यपि, प्रधानमन्त्री केपी ओलीले चालेको अहिलेको राजनीतिक कदम लोकतन्त्रको विधि र पद्धत्तिसँग मेल खाएको देखिँदैन । यो पूर्ण प्रतिगमन पनि होइन र पूर्ण लोकतान्त्रिक तरिका पनि होइन । यस्तो जटिल परिस्थितिमा नेपाली कांग्रेसले रोज्ने आन्दोलनको चरित्र कस्तो हुने भन्ने कुरा पनि कम महत्वपूर्ण होइन ।

आम नागरिकलाई थाहा छ, नेपाली कांग्रेसको संस्थापन पक्ष वर्तमानमा प्रधानमन्त्री ओलीले चालेको कदमप्रति असहमति जनाउँदै अदालतको निर्णय जे आउँछ त्यही अनुरुप आगामी कार्यक्रमहरु निर्धारण गर्ने पक्षमा देखिएको छ । अदालतलाई सम्मान गर्ने र अदालतको निष्पक्षता र तठस्थता बृद्धि गरी संविधानसम्मत निर्णयको अपेक्षा राख्ने परम्परा नेपाली कांग्रेसको ऐतिहासिक चरित्र पनि हो । नेपाली कांग्रेसका सर्वोच्च नेता वीपी कोइरालाले संविधान अभेध्य र अउल्लंघनीय होइन भन्नुभएको छ ।

पञ्चायती व्यवस्थाले आठ वटा फाँसीको मुद्दा लगाउँदा पनि वीपी कोइराला आफैं अदालतमा बहस गर्न जानुभयो । वीपी, गणेशमान सिंहमाथि फाँसीको मुद्दा हुँदा पनि अदालतले न्याय गर्छ भन्ने विश्वास उहाँहरुमा थियो । अदालतलाई सम्मान गर्ने परम्परालाई गिरीजाप्रसाद कोइरालाले पनि कठिन अवस्थामा पनि कायमै राख्नुभयो । राजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनकालमा शाही आयोग खडा गरेर थुन्दा अहिलेका पार्टी सभापति देउवा, नेता प्रकाशमान सिंह पनि अदालत गएका थिए । जेलमा बस्दा पनि अदालतबाट न्याय पाउने विश्वास उहाँहरुमा थियो । अदालतकै आदेशबाट मुक्त पनि हुनुभयो ।

वीपी कोइरालाले भने भैं संविधान अभेध्य र अउल्लंघनीय होइन । लोकतान्त्रको विधि र पद्धत्तिलाई अनुशरण नगरेको संविधानको उल्लंघन गर्नु लोकतन्त्रमा विश्वास गर्नेहरुको जिम्मेवारी पनि हो । तर, अहिलेको संविधान जनताद्वारा निर्माण गरिएको संविधान हो । केही विषयमा फरक मत रहे पनि संविधानको सर्व-स्वीकार्यता अहिले पनि कायमै छ । यसैले संविधानका बारेमा नेपाली कांग्रेसले प्रश्न उठाउने वातावरण तयार देखिन्न । तर, संविधानको कार्यान्वयन गर्ने संवैधानिक निकायबाट हुने त्रुटीलाई नेपाली कांग्रेसले कसरी रोक्ने भन्ने विषय अहिलेको सन्दर्भमा महत्वको देखिएको छ ।

अहिले सर्वोच्च अदालतबाट कस्तो निर्णय आउला भन्ने बारेमा सार्वजनिकरुपमा ठूलो चासो बढेको छ । यसै चासोको भुँमरीमा नेका पनि रुम्मल्लिन पुगेको छ । नेकाका नेताहरु यस सन्दर्भलाई आ-आफ्नै प्रकारले ब्याख्या गरिरहेका छन् । यसरी गरिएका ब्याख्याले नेकामा प्रष्ट दुई धार तयार गरेको देखिन्छ । पहिलो धार- अदालतको निर्णयलाई स्वीकार गर्न 'पर्ख र हेर'को पक्षमा देखिन्छ । अदालतले संसद पुनर्स्थापना गरेमा सोही अनुरुपको राजनीतिक आन्दोलन र समाधान खाज्ने र अदालतले संसद विघटनको घोषण सदर गरेमा निर्वाचनमा जाने र जनताको अदालतबाट आएको अभिमतको सम्मान गर्ने । नेकाभित्रको दोस्रो धार अहिले नै बेजोडको आन्दोलन गर्ने तर्क गरिरहेको छ । प्रधानमन्त्री केपी ओलीको कदम असंवैधानिक, अलोकतान्त्रिक र सर्वसत्तावादी भएको संस्थागत ठहर गरिसकेको नेपाली कांग्रेसभित्रको अहिले नै निर्णयक आन्दोलनमा गई हाल्नुपर्छ भन्ने पक्षले आन्दोलनको उद्देश्य प्रष्ट पार्नु पर्ने बेला भएको छ । तर, यस विषयमा अहिले नै आन्दोलन शुरु गर्ने धारका पक्षधरहरु आफैमा प्रष्ट भएको देखिँदैन ।

प्रधानमन्त्री ओलीको कदम असंवैधानिक भनिसकेपछि कसकाविरुद्धमा आन्दोलन ? अदालतमा प्रवेश गरेको विषयलाई अदालतललाई प्रभावित पार्नका लागि हो कि, अदालतले संसद विघटनको निर्णय सदर गरो भने सो निर्णय नमान्नका लागि आम नागरिकलाई सचेत पार्नका लागि आन्दोलन ? वा यो संविधान समाप्त भयो अब नयाँ संविधान निर्माण गरौं भन्नका लागि आन्दोलन ? यस्ता प्रश्नहरुको उत्तर अहिलेसम्म आउन सकेको छैन । कसकाविरुद्धमा आन्दोलन ? कुन स्वरुप र चरित्रको आन्दोलन ? र, यो आन्दोलनको लक्ष्य के हो ? सो कुराको प्रष्टता ल्याउन जरुरी छ । त्यति मात्र होइन यो आन्दोलनको उपलब्धि र राजनीतिमा पार्ने प्रभावका बारेमा पनि प्रष्टता ल्याउन जरुरी छ । हरेक आन्दोलनको वकालत गरिरहँदा, नेपाली कांग्रेसको ऐतिहासिक चरित्र अन्य दलहरुभन्दा भिन्न छ भन्ने हेक्का नेकाका सबैले राख्न जरुरी छ ।



कम्युनिष्टहरुले सञ्चालन गर्ने आन्दोलनको चरित्र सदैव विध्वंसकारी र रक्तपातपूर्ण देखिएका छन् । तोडफोड, आगजनी, हत्या, हिंसा र आतंकका भरमा नेपालको कम्युनिष्ट आन्दोलन बाँचेको छ । आशंका र अविश्वास, अवसरवादी कार्यशैली, फुटाउ र शासन गर भन्ने नीति कम्युनिष्टहरुको मूल नीति हो । अझ, नेपालीको गरिबी र उत्पीडनलाई उपयोग गर र राजनीति गर भन्ने कुरा कम्युनिष्टहरुको रणनीतिक कार्यशैली हो । कुनै पनि विषयवस्तुको वास्तविकताभन्दा हौवा खडा गर्दै अफवाह फैलाउनु र यस्ता कुराबाट उत्पन्न क्षणिक आकर्षणबाट राजनीतिक फाइदा लिनु उनीहरुको चरित्र हो । राजनीति र सम्बोधनहरुमा उत्तेजनक र आपत्तिजनक शब्दको प्रयोग, हदैसम्मको गालीगलौज र अपमानित व्यंग्य उनीहरुको शैली र संस्कृति हो । यस्ता कुराबाट नेका अहिलेसम्म टाढा नै देखिएको छ । 'गद्दार' र 'सफाया' जस्ता शब्दको प्रयोग नेकाका नेता त के सामान्य कार्यकर्ताहरुले समेत अहिलेसम्म गरेका छैनन् । शान्तिपूर्ण संस्कृति नेकाको मूल चरित्र रहेको छ । यसैकारण नेकाका हरेक आन्दोलनहरु सत्याग्रहमा आधारित शान्तिपूर्ण आन्दोलनका रुपमा रहेका छन् ।

तर, नेपालको राजनीतिको पछिल्लो अवस्थामा नेपाली कांग्रेसका केही नेताहरुमा कम्युनिष्ट कार्यशैली, संस्कार र चरित्रले प्रवेश पाउन थालेको छ । उग्रता, आशंका, अधैर्यता, लघुताभाष, कुण्ठा जस्ता गलत चरित्रहरु नेकाका केही नेताहरुमा पनि देखिन थालेका छन् । धारातलीय यथार्थताभन्दा पनि अफवाहको शैली केही नेताहरुमा देखिन्छ । यस्ता चरित्रहरु हावी बन्दै जाने हो भने नेपाली कांग्रेसले अरु दलभन्दा फरक रुपमा रहेको आफ्नो मूल चरित्र नै गुमाउन सक्ने खतरा देखिन थालेको छ ।

राजा महेन्द्रले २०१७ सालमा संसदीय व्यवस्था खारेज गरी निर्दलीय शासन गर्दा मृत्युप्रयन्त वीपी कोइरालाले निर्दलीयताका विरुद्धमा कठोर लडाई लडिरहनु भयो । अन्ततः निरंकुश राजतन्त्र समाप्त भयो । लोकतन्त्र सर्व-स्वीकार्य शासन प्रणाली हो । लोकतन्त्रमा कसैको हार हुँदैन । यो सबैको जित हुने शासन प्रणाली हो । यही कुरा २०४६ सालको जनआन्दोलन सफल भएपछिको काठमाडौंको खुल्ला मञ्चमा नेता गिरीजाप्रसाद कोइरालाले भन्दा कम्युनिष्टहरुबाट ढुंङ्गा प्रहार भयो । तर, विस्तारै उनीहरुले यसलाई स्वीकार गरे । तात्कालीन राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन गर्न संसद भंग गरेपछि निरन्तर दरवारतिर औंला उठाएर संसद पुनर्स्थापनाको लडाई शान्तिपूर्वक लडेका आन्दोलका प्रमुख कमाण्डर गिरीजाप्रसाद कोइरालले शान्तिपूर्ण आन्दोलनबाटै संसद पुनर्स्थापना गराएरै छाडे ।

सशस्त्र युद्धका नाममा हजारौं मानिसको हत्यामा संलग्न माओवादी पार्टीलाई निरन्तरको संवादबाट शान्ति प्रक्रियामा आउन बाध्य नै पारे । अर्थात्, अहिलेसम्मको नेपालको राजनीतिमा नेपाली कांग्रेसले लिएको राजनीतिक अडान परिपक्व र परिवर्तनको मुख्य अङ्गका रुपमा नै रहेको छ । यसो हुनुमा नेपाली कांग्रेसका नेताहरु भित्र रहेको गहिरो सुझबुझ, अन्तर्राष्ट्रिय बैधता, नेपालको राजनीतिक चरित्रको परिपक्व ज्ञान नै हो । तसर्थ, पनि वर्तमानमा देखिएको राजनीतिमा नेपाली कांग्रेसले कम्युनिष्टहरुको उक्साहटमा उत्ताउलो हुन जरुरी छैन । नेपाली कांग्रेसबाट संयमतापूर्वक लोकतन्त्रलाई संरक्षण गर्न अभिभावकीय भूमिकाको आशा नेपालीहरुले गरिरहेका छन् ।

# संविधानले नदेखेको संसद विघटन र निर्वाचनको बाटो



**ओम आचार्य**

संसद विघटनपछि संसद विघटनको निर्णय कानून र संविधान सम्मत नभएको भन्दै संसद पुनर्स्थापनाको लागि अहिले सर्वोच्चमा बहस भइरहेको छ । अहिले कानून व्यवसायी र सरकार बाहिर रहेका राजनीतिक दलहरु समेतले संसद विघटनको विरुद्धमा सडक आन्दोलन चलाइरहेका छन् । नेपाली कांग्रेस भने यसमा द्विविधा रहेको देखिन्छ कांग्रेसमा अहिले यो विघटन मुद्दामा दुई फरक विचार आइरहेको छ । पार्टी सभापति शेरबहादुर देउवा संसद विघटन असंवैधानिक भन्दै निर्वाचनमा जाने विचार व्यक्त गरिरहनुभएको छ भने वरिष्ठ नेता रामचन्द्र पौडेल पुनर्स्थापनाको लागि सडक आन्दोलनमा जानुपर्ने आफ्नो अभिमत राखिरहनुभएको छ ।

संसद विघटन असंवैधानिक भनिरहनुभएका पार्टी सभापति शेरबहादुर देउवाको निर्वाचनमा जाने रणनीति कति सान्दर्भिक र उपयुक्त छ ? असंवैधानिक भनि सकेपछि त्यो सच्याउन सडक आन्दोलनमा जानु कि निर्वाचनमा जानु यो नेपाली कांग्रेसले सही निर्णय गर्ने बेला आएको छ । नेपालको राजनीतिक इतिहासमा पटक-पटक संसद विघटनले नेपाली राजनीतिमा धेरै अस्थिरता पैदा गरेको मात्र होइन, यसले प्रजातान्त्रिक व्यवस्थामा निराशाजनक वितृष्णा उत्पन्न गर्दै लोकतन्त्रको सफलतामा यसले प्रश्न खडा समेत गरेको अवस्था त छ ।

अर्कोतर्फ धेरै ठूलो धनराशि निर्वाचनमै खर्चिनुपर्ने अवस्थाले समेत देशको विकास र समृद्धीमा समेत प्रतिकूल अवस्था सृजना गरेको जगजाहेर छ । यस्तो परिस्थितिले आजित भएको हुँदा संविधान सभामा समेत यस्तो परिस्थितिको निराकरणका लागि बहस र छलफल भएर पुनः यस्तो अवस्था मुलुकले व्यहोर्नु नपरोस् भनेर नै संसद विघटन गर्ने अधिकारमा संकुचन संविधानमा व्यवस्था गरेको छ ।

अब यहाँनेर सबै राजनीतिक दलहरुले बुझ्नुपर्ने कुरा यो छ कि पाँच वर्षमा दुईवटा निर्वाचन थेग्न मुलुकले नसक्ने कारणले नै संविधान सभाबाट छलफल र बहस भई आएको संविधानको मूल भावना र आदर्शबाट अहिले राजनीतिक दल विमुख हुन पाउँछन् त ? तिनै राजनीतिक दलले त्यो भावना र विचारबाट ल्याएको संविधान अहिले आफै त्यसको विरुद्धमा जान मिल्छ त ?




यो कुरा विशेष गरेर म नेपाली कांग्रेसलाई भन्न चाहन्छु किन भने संविधान नेपाली कांग्रेसकै नेतृत्वमा प्रधानमन्त्री शुशिल कोइरालाले ल्याएका हुन् । अहिले नेपाली कांग्रेसको निर्वाचनमा जाने रणनीति संविधानतः कति सही निर्णय हुन्छ । संविधानले पटक-पटक संसद विघटन गरेर निर्वाचनामा जाने भावना र मर्म विपरीत अहिलेको संविधानले रोकेको छ र यस्तो अवस्थामा कांग्रेस निर्वाचनमा जाने निर्णय गर्न हुन्छ कि हुँदैन यसमा कांग्रेसले विचार पुऱ्याउन नसकेको देखिन्छ ।

अर्को कुरा प्रधानमन्त्रीले मलाई काम गर्न नदिएको आफ्नै पार्टीका साथीहरुको असहयोग भएको भन्दै बाध्यात्मक अवस्थामा संसद विघटन गर्नु परेको विचार व्यक्त गरिरहेको देखिन्छ यो प्रधानमन्त्रीको बाध्यात्मक कदम नभएर आफ्नो व्यक्तिगत रक्षात्मक कदम हो । आफ्नो कुर्सीको रक्षामा चलाइएको यो संसदको विघटनले मुलुक अत्यन्त संवेदनशील मोड़मा पुगेको छ । प्रधानमन्त्रीको यो कदमले सबैभन्दा प्रहार संविधान माथि भएको छ भने अर्कोतर्फ सर्वोच्च अदालतको गरिमा र मर्यादा माथि पनि आँच पुऱ्याउने काम गरिरहनुभएको छ । प्रधानमन्त्रीले संसद पुनर्स्थापना हुँदैन भन्न मिल्छ कि मिल्दैन सरकार प्रमुखबाट नै यस्तो अभिव्यक्ति आउनुले संविधानको र अदालतको गरिमा र मर्यादा कति चिन्तित देखिँदैन कि ? सरकार अदालतमा विचाराधीन मुद्दामा मौन रहनु नै श्रेयकर होइन र ?

संसद विघटनको मुद्दा सार्वजनिक सरोकारको विषय हो र अझ राजनीतिक दल र नागरिक समाजको सरोकारको विषय हो । यसमा सबैले आफ्नो धारण राखेर अदालतलाई ध्यानाकर्षण गराउन पाइन्छ । तर, सरकाले पाउँदैन कि ? जस्तो पूर्व प्रधानान्याधीशहरुको पनि यसरी नै ध्यान आकर्षणको लागि आएको विचार हो । अदालतले कुनै निर्णय गर्नु पूर्व यस्तो विचार र कानूनसम्मत कुराहरु बाहिर आइरहँदा विचाराधीन मुद्दामा निर्णय गर्न पनि सहज र सहयोग नै पुक्छ जस्तो लाग्छ होइन र ?

**नेपाली कांग्रेस र संसद विघटन अब के गर्ने ?**

संविधानले संसद विघटन गरेर निर्वाचनमा जाने सहमति दिएकै छैन । संविधान सभा सदस्यहरु र संविधान निर्माणमा रहनुभएका तत्कालीन सदस्यहरुबाट विगतको अनुभव र प्रयोगको गलत अभ्यासले गर्दा यस्तो व्यवस्था जुन अहिले प्रधानमन्त्रीले गरेका छन् । त्यसलाई रोकेको छ । कांग्रेसले कानूनी राज्यको अवधारणा मान्छ र कांग्रेसको धर्म संविधानको रक्षा गर्दै प्रजातन्त्र र नागरिक हक अधिकारलाई संविधानतः अक्षुण राख्नु उसको पहिलो धर्म हो ।

यहाँनेर कांग्रेसले के बुझ्नुपर्छ भने संविधानमा नभएको व्यवस्थापन प्रयोग गर्दै आफ्नो बाध्यात्मक भन्दै रक्षात्मकमा उत्रिएका प्रधानमन्त्रीको कदम संविधानतः छैन भन्दै असंवैधानिक कदम भनेर भनिरहँदा संविधानको रक्षामा कांग्रेस सडकमा जानुपर्नेमा संसद विघटन गरेर निर्वाचनको मिति तोकेको सरकारी निर्णयमा कांग्रेस उभिँदै निर्वाचन भन्नु कति जायज । र, संविधानतः त्यो कदम कांग्रेसको लागि उचित र उपयुक्त किन छैन भने आज संविधानमा प्रहार भएको छ र त्यसको रक्षामा उभिनु नेपाली कांग्रेसको पहिलो धर्म हो । र, कांग्रेसका लागि संसद पुनर्स्थापनाका लागि सडक संघर्ष नै सही निर्णय हुनेछ ।

# निरौला परिवारमा शोक



**बिर्तामोड, माघ ८।** बुद्धशान्ति-४ देवीवस्तीका बेदप्रसाद निरौलाको स्वर्गारोहण भएको छ। धार्मिक तथा सामाजिक व्यक्तित्व निरौलाको ८१ वर्षको उमेरमा माघ ६ गते मंगलबार स्वर्गारोहण भएको हो।

स्व.निरौलाका श्रीमती गंगामाया निरौला, सात जना छोरा, तीन जना छोरी, १० जना नाति, ११ जना नातीनि, ११ जना पनाति, पनातीनि रहेका छन्। उनका एक जना छोरा मातृका निरौला र एक जना छोरी जमुना निरौलाको यसअघि नै स्वर्गारोहण भइसकेको छ।

उनका अन्य छोरा-बुहारीहरुमा प्रेमप्रसाद-शारदा, टेकप्रसाद-रेणुकुमारी, नारायणप्रसाद-कल्पना, डिल्लीप्रसाद-शकुन्तला, भानुप्रसाद-कमला, भास्कर-पवित्रा निरौला रहेका छन्। त्यस्तै दुई जना छोरी-ज्वाइँहरुमा चन्द्रकला-इन्द्रनारायण भट्टराई, शोभा-राजन पौडेल रहेका छन्। उनका छोराहरु मध्ये प्रेमप्रसाद र भानुप्रसाद कृषक हुन् भने टेकप्रसाद नेपाल राष्ट्रिय अभिभावक संघ पर्साका अध्यक्ष, नेकपा पर्सागढी नगरपालिकाका संयोजक लगायत विभिन्न संघ-संस्थामा आवद्ध रहेका छन्।

त्यस्तै नारायणप्रसाद ट्याक्सी व्यवसायी, डिल्लीप्रसाद अटो व्यवसायी हुन् भने भास्कर वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरबमा रहेका छन्। उनको बुधबार टिमाईमा अन्त्येष्टी गरिएको नाति रविन निरौलाले जानकारी दिए।

# मृगौलापीडित र अशक्त वृद्धवृद्धालाई हङकङ-झापा मञ्चको सहयोग

**बिर्तामोड, माघ ८।** वैदेशिक रोजगारीको सिलसिलामा हङकङमा रहेका झापालीहरुको संस्था हङकङ-झापा मञ्चले बिर्तामोड-६ का मृगौलापीडित र अशक्त वृद्धवृद्धाहरुलाई आर्थिक सहयोग गरेको छ।



हङकङ-झापा मञ्चले बिर्तामोड-६ का मृगौलापीडित सागर परियारलाई ४० हजार रुपैयाँ, बुद्ध लिम्बूलाई ४० हजार रुपैयाँ र देवकुमार मगरलाई १० हजार रुपैयाँ सहयोग गरेको हो। त्यस्तै हङकङ-झापा मञ्चले पालनपोषण गर्ने कोही नभई समस्यामा रहेका अशक्त वर्णबहादुर राईलाई २० हजार रुपैयाँ, नुनी मुर्मुलाई २० हजार रुपैयाँ, दिलबहादुर सार्कीलाई १० हजार रुपैयाँ सहयोग गरेको थियो भने मोदरी ब्रेसालाई पाँच हजार रुपैयाँ र पाँच हजार रुपैयाँ बराबरको खाद्यान्न सहयोग गरेको थियो।

हङकङ-झापा मञ्च हङकङका अध्यक्ष देव लावती, उपाध्यक्ष सुरज राई लगायत कार्यसमितिका पदाधिकारी र सहयोगीहरुले संकलन गरी हङकङ-झापा मञ्च हङकङका संस्थापक सल्लाहकार मदनकुमार कन्दङ्गवा मार्फत पठाएको उक्त रकम मृगौलापीडित र अशक्त वृद्धवृद्धाहरुको घर-घरमै पुगेर हस्तान्तरण गरिएको थियो।

उक्त रकम बिर्तामोड-६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्गवा, सामाजिक अभियन्ता रोहित लिम्बू, वडासदस्य एलबिन्द्र खत्री, पर्शुराम खनाल, मनकुमार भट्टराई, जगत राई, बिरेन मेचे, पदमबहादुर घिसिङ लगायतले मृगौलापीडित र अशक्त वृद्धवृद्धाहरुलाई हस्तान्तरण गरेका थिए। कार्यक्रममा सहभागीले खर्चको अभावमा मृगौलाको डायलाइसिस गर्न समेत वञ्चित रहेका र जाडोको समयमा कष्टकर जीवन बिताउँदै आएका अशक्त वृद्धवृद्धाहरुलाई आर्थिक सहयोग गरेर हङकङ-झापा मञ्चले ठूलो गुन लगाएको बताए।

त्यस्तै मृगौलापीडित र अशक्त वृद्धवृद्धाहरुले आफुहरुको चहर्‍याइरहेको घाउमा मल्हमपट्टि गर्न घर-घरमै आएर आर्थिक सहयोग गरेकोमा हङकङ-झापा मञ्चलाई धन्यवाद दिएका थिए। कार्यक्रमको सहजीकरण सञ्चारकर्मी रञ्जित परियारले गरेका थिए।

# केन्ट सुप्रीम लाइट र केन्ट ग्रान्ड प्लस अल्कलाइन बजारमा

**झापा, माघ ८।** इओएल प्रालि, नेपालमा केन्ट उत्पादनहरूका लागि एकमात्र आधिकारिक वितरक सीजी इलेक्ट्रोनिक्स अन्तर्गतको संस्थाले केन्ट सुप्रीम लाइट र केन्ट ग्रान्ड प्लस अल्कलाइनल गरी दुई आरओ मोडेल नेपाली बजारमा ल्याएको छ।

केन्ट सुप्रीम लाइटमा केन्टको खनिज आरओ टेक्नोलोजी र टीडीएस नियन्त्रकको साथ छ। यसले पानीबाट हुने रोगहरूबाट जोगाउनुका साथै पानीलाई शुद्ध गरेर यसको अत्यावश्यक प्राकृतिक खनिजहरूलाई यथावत राख्दछ।

केन्ट सुप्रीम लाइट सबै खालको पानीको शुद्धिकरणको लागि उपयुक्त हुन्छ। यसमा भएको आरओ+युएफ+टीडीएस नियन्त्रणको बहु-शोधन प्रक्रियाले पिउने पानीलाई १००% शुद्ध र पिउन योग्य बनाउँदछ। यस प्रक्रियाले आर्सेनिक, रस्ट, कीटनाशक, र फ्लोराइड जस्ता विघटित अशुद्धताहरू हटाउँछ र पानी पिउन योग्य बनाउन ब्याक्टेरिया र भाइरसहरूलाई पनि नष्ट गर्दछ।

केन्ट सुप्रीम लाइट पूर्ण स्वचालित स्वतः अन र अफ (बन्द) कार्यक्षमताको साथ आउँदछ। शुद्धीकरण स्वचालित रूपमा बन्द हुन्छ जब भण्डारण ट्यांकी भरिन्छ र पुनः शुरु हुन्छ जब पानीको स्तर अधिकतम्भन्दा तल खस्दछ। केन्ट सुप्रीम लाइटको बजारको मूल्य २१ हजार नौ सय ९० रुपैयाँ रहेको छ।

त्यस्तै केन्ट ग्रान्ड प्लस अल्कलाइनले १००% शुद्ध र खनिजयुक्त शुद्ध पानी प्रदान गर्दछ। जसमा केन्टको खनिज आरओ टेक्नोलोजी रहेको



छ। केन्टको उत्कृष्ट अल्कलाइन आरओ प्यूरीफायरले तपाईंको पानीको पीएच स्तर कायम राख्दछ। यसले पानीको पीएच स्तर ८.० देखि ९.० को बीचमा समायोजन गरेर पानीलाई क्षारीय बनाउँदछ।

केन्ट ग्रान्ड प्लस अल्कलाइन इन-ट्याङ्क युभी कीटाणुशोधन सुविधाको साथ सुसज्जित छ। भण्डारण ट्यांकीमा युभी एलईडीले लामो समयको लागि पानी शुद्ध राख्दछ। केन्ट ग्रान्ड प्लस अल्कलाइनको बजारको मूल्य २९ हजार नौ सय ९० रुपैयाँ रहेको छ।

केन्ट आरओ प्युरिफायरहरूलाई डब्ल्यूक्यूए को अन्तर्राष्ट्रिय प्रसिद्ध गोल्ड सील र एनएसएफ, (संयुक्त राज्य अमेरिका)बाट प्रमाणपत्र प्रदान गरिएको छ। साथै केन्टले धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिष्ठित पुरस्कार र मान्यता प्राप्त गरेको छ। केन्टका पानी प्रशोधक (प्युरिफायर) अतिरिक्त, एयर प्युरिफायर, कीटाणुनाशक उपकरणहरू र स्मार्ट किचन उपकरणहरू पनि उपलब्ध छन्।

# नेपाल पूर्व प्रहरी संगठन बिर्तामोड नगर समितिको सभा



**बिर्तामोड, माघ ८।** नेपाल पूर्व प्रहरी संगठन बिर्तामोड नगर समितिको सातौं बार्षिक साधारण सभा सम्पन्न भएको छ।

संस्थाका अध्यक्ष मोहनविक्रम मल्लको अध्यक्षता तथा इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरिक्षक सन्तोष आचार्यको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाका सचिव सार्कीधन राईले स्वागत गरेका थिए।

कार्यक्रममा नेपाल पूर्व प्रहरी संगठनका केन्द्रीय उपाध्यक्ष तथा प्रदेश नं.१ का संरक्षक खड्गबहादुर खड्का, केन्द्रीय सदस्य इन्द्रप्रसाद ओली, प्रदेश नं.१ का अध्यक्ष बाबुराम श्रेष्ठ, जिल्ला अध्यक्ष खेमराज कार्की, जिल्ला सल्लाहकार सदस्य गोपालबहादुर विश्वकर्मा, भद्रपुर अध्यक्ष सरोज कार्की, कचनकवल अध्यक्ष देउमान बुढाथोकी लगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा इलाका प्रहरी कार्यालय अनारमनीको नेतृत्व सम्हाल्न आएका प्रहरी नायव उपरिक्षक सन्तोष आचार्यलाई स्वागत गरिएको थियो भने नेपाल पूर्व प्रहरी संगठनको १०औं राष्ट्रिय महाधिवेशनबाट प्रदेश नं.१ को संरक्षकमा चयन भएको भन्दै खड्गबहादुर खड्कालाई दोसल्ला र सम्मान पत्र प्रदान गरिएको थियो। कार्यक्रमको सञ्चालन नेपाल पूर्व प्रहरी संगठनका प्रदेश नं. १ का सचिव देवीभक्त आचार्यले गरेका थिए।

# मौरीजन्य उत्पादन र मानव स्वास्थ्यमा प्रभाव

**शिवसताक्षी, माघ ८।** सतासीधामको दूधेमा मौरीजन्य उत्पादनबाट मानव स्वास्थ्यमा प्रभाव तथा महत्वबारे छलफल सम्पन्न भएको छ।


सतासी महिला मौरीपालन सहकारी संस्थाको आयोजना तथा शिवसताक्षी नगरपालिकाको सहयोगमा सम्पन्न कार्यक्रममा मौरीको विषयमा अध्ययन अनुसन्धान गरिरहेका युटर्न नेपालका खगेन्द्र तिम्सिनाले सहजीकरण गरेका थिए।

कार्यक्रममा मानव जीवनमा मौरीको भूमिका, मौरीको प्रकृतिसँगको सम्बन्ध र जीवनचक्र, महका अतिरिक्त बहुमूल्य वस्तुका रुपमा रहेको रोयल जेली (शाही खाना), चोप लगायतका विषयमा छलफल भएको थियो।

सतासी महिला मौरीपालन सहकारी संस्थाका अध्यक्ष धनमाया थापाको अध्यक्षता तथा खगेन्द्र तिम्सिनाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा माइवेनी कृषि सहकारी संस्थाका अध्यक्ष रोहिता भट्टराई लगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन सताक्षी मौरीपालन सहकारी संस्थाका व्यवस्थापक देवी दाहालले गरेकी थिइन्।


## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## हामी सजाउँछौ हरेक भित्तालाई

BHITTA TRADING

- Wallpaper
- Wallpaints
- Wall Grass
- Floor Grass
- False Ceiling
- Canvas

सम्पूर्ण Interior तथा Exterior Design

ठेगाना : मेचीनगर-६, काँकरभिट्टा (झापा) भट्टराई चोक, सालघारी रोड

सम्पर्क नं. : राजेश गौतम ९८०३४७६१०८, विकाश गुरुङ्ग ९८०८२३०९७४

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## हाडजोर्नी तथा नसाका बिरामीहरूलाई सुवर्ण अवसर
## काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर **अनिलकुमार महतो** यही माघ ११ गते आइतबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहन्छ। आफ्नो समस्याजाँच गराई मौकाको फाइदालिनुहोस्।

**जाँच हुने समस्याहरु**
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसाच्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुमजाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:०० बजे

सम्पर्क : **स्पार्क पूर्वाञ्चल अस्पताल**
कन्काई रोड, बिर्तामोड (टेलिकम पूर्व) (फोन : ०२३-५४०१२३, : ९८५२६७५०३३

## पसल बिक्रीमा

झापा बुद्धशान्ति गाउँपालिका-३ बुधबारे चौक (बैंक अफ काडमाडौंको तल्लो तला)मा चालू अवस्थामा रहेको 'ल्याभिस इम्पोरियम फेसन वेयर' बिक्रीमा रहेकाले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।
**सम्पर्कः ९८४२७७३६२०, ९८४२६५५४१३**

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२,
९८२४९८११७४, ९८४२६७७८५५,
९८६२६४८२८२

## टाटा सुमो गाडी भाडामा चाहिएमा

बिर्तामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।
**मो. ९८१५९५२४९९/९८४१३२१४६४**

## CTEVT बाट सम्बन्धन प्राप्त १००%
## रोजगारसहित होटल तालिममा भर्ना खुल्यो

काठमाडौंबाट सञ्चालित एसीयन होटल टेनिङ्गको ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो। (तालिममा इण्डियन कुक, चाइनीज, कन्टिनेन्टल, इटालीयन र वेटर)

**हाम्रा विशेषता :**
१) काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने।
२) तालिमलाई चाहिने सम्पूर्ण सामान काठमाडौंबाट ल्याउने।
३) तालिमपछि आफ्नो कम्पनीबाट विदेश पठाइने।
४) दक्ष नभए पुनः रि-क्लास गरी दक्ष बनाइने।
५) तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङ्गमा पठाइने।

*नोटः तालिम धमाधम सञ्चालन भइरहेको छ सीट सिमित छ।*

**Asian Hotel Training Center**
पश्चिम बस स्टेण्डबाट १०० मिटर दक्षिण होटल टाइमलेस अगाडि
बिर्तामोडः ९८१२३५१२७१, ९८१०४८५५५०, ९८१२३५१२२६, इटहरीः ९८१२३५१२७१

## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ।



सम्पर्कः भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट
लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाई सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
श्रुतिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२४३४३/९८१४०३६३४४

## विशेषज्ञ डाक्टरहरूको सेवा

**डा. सविन मानन्धर**
MBBS (KU) MD (NAMS)
बरिष्ठ बालरोग विशेषज्ञ (दैनिक सेवा)

**डा. सरोज कुमार यादव**
MBBS, MS
जनरल सर्जन युरोलोजी (दैनिक सेवा)

**डा. राजीव कोइराला**
MBBS, MD
जनरल फिजिसियन, दैनिक सेवा

**डा. प्रमोद कुमार शाह**
MBBS, MD (TU)
कन्सलटेन्ट फिजिसियन ) दैनिक सेवाः ८-१० बजे)

**यहाँ अन्य सेवाहरुः** डिजिटल X-Ray, होलोग्रामसहितको मेडिकल, अत्याधुनिक प्रविधिबाट प्याथोलोजी ल्याब सेवा, होलबडी चेकअप, फार्मेसी सेवा

**बुढासुब्बा मेडिकल सेन्टर प्रा.लि.**
शनिश्चरे रोड, पाथीभरा टोल नं. ४ रोड, बिर्तामोड, झापा (०२३-५४१६६२)

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।


**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

नेपाली कथानक चलचित्र (शिव श्रेष्ठको)
**एउटा यस्तो प्रेम कहानी**
माघ १ गतेबाट प्रदर्शनमा

हिन्दी चलचित्र
**विजय दि मास्टर**



पहिलो शो ११:४५।
दोस्रो शो २:४५।
तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)




**ज्यो. मधुसूदन रिजाल**
**(स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनत गर्दा अध्ययनमा प्रगति हुनेछ। लेखन तथा सिर्जनात्मक कामबाट ख्याती मिल्न सक्छ। तर, सोखले खर्च बढाउनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला। आफ्ना योजनाबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आवेशको निर्णयले आँटेको काम बिग्रन सक्छ। व्यर्थैमा वादविवादमा परिने समय रहेकाले गोपनीयतामा ध्यान दिनुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अधैर्य व्यवहारले समस्या निम्त्याउला। समयमा सजग नबन्दा र अरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** जमघटमा आफन्तसँग केही मतभेद हुन सक्छ। स्वास्थ्यका कारण लामो समय काममा जुट्न नसकिएला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** मेहनत गर्दा रोकिएको काम बन्न सक्छ। इच्छाशक्तिद्वारा महत्वाकांक्षी कार्य शुभारम्भ हुनेछ। सुन्दर पहिरनले व्यक्तित्व निखार्ने समय छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** प्रलोभन देखाउनेहरूले फसाउन सक्छन्। समयमा होस नपुग्नाले खर्च बढ्नेछ। लगानी परे पनि त्यति फाइदा उठाउन नसकिएला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा सामान्य उपलब्धि प्राप्त हुनेछ। शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइएला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** परिवारजनबाट समेत टाढिनुपर्ला। आफ्नै कमजोरीले विवादमा परिनेछ भने सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रतिक्षा गरिएको काम बन्न सक्छ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ। व्यापारमा प्रशस्त फाइदा हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** किर्तिमानी काम गर्ने समय छ। प्रयत्न गर्दा महत्वपूर्ण वस्तु लाभ हुन सक्छ।